तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आ.व. ०७९।०८०
बैठकः- नगर कार्यपालिका बैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०४।०७९।०८०
मितिः-२०७९।०७।०२ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाखर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |

नगर प्रमुख

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री डिल बहादुर थापा क्षेत्री | बी.बी.वडा अ. | ता.न.पा. ८ | |
| श्री हरि प्र. थापा क्षेत्री | बी.बी.वडा अ. | ,, ४ | |

नगर प्रमुख

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिकाको यस अगाडि भएको बैठकको निर्णयहरु पुनरावलोकन एवं समीक्षा गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका वार्ड न ०५ मा नगर विकास कोषको ऋण सहयोगमा बसपार्क निर्माण गर्ने प्रयोजनका लागि तयार गरिएको बृस्तित अध्ययन प्रतिबेदन (DPR)मा प्रयोग भएका Reinforced Earth Wall को दररेट कायम गर्ने बिषयमा हालसम्म नेपाल सरकारले कुनै पनि Norms तयार नगरेको र सो wall को दररेट काठमाडौं महानगरपालिका बाहेक अन्य कुनै पनि कार्यालयले हालसम्म प्रयोगमा नल्याएको साथै उक्त wall अन्य wall (Plumb wall, Masonry wall र RCC wall) हरुको दाजोमा प्राबिधिक हिसाबले राम्रो र कम खर्चिलो भएको हुनाले दररेट कायम गर्ने बिषयमा तपशिलमा उल्लेख भएका फर्महरुबाट पेश भएको दरभाउ पत्र र काठमाडौं महानगरपालिकाको दररेट मध्ये न्यूनतम दरभाउ लाई आधारमानी उक्त दररेट कायम गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स | विवरण | एकाई | Smart business trading | Samragye and Sambridhi Trading | M.R.B Trading Company Pvt Ltd | कायम गरिएको दररेट | [illegible] |
|---|---|---|---|---|---|---|---|
| १ | Reinforced Soil Wall with using RCC facia panels of minimum 160mm thickness and 50mm/70mm wide geo synthetic strap reinforcement made of polyester yarns and encapsulated in LLDPE sheathing with top three layers of soil reinforcement having a high coefficient of apparent (Using Trapezoidal grooves on both sides of the geosynthetic strap) and the minimum coefficient of apparent friction at the top most layer shall be 1.5, using active connectors between fascia and soil reinforcement as per the recommendation of BS-8006 for high seismic zone along with all complete assoceries. | १ | | | | | |
| | Upto 5m | Sq.m | 17591.53 | 17495.5 | 17512.1 | 17495.5 | |
| | 5-10 m | Sqm | 22143.4 | 22056.15 | 22085.15 | 22056.15 | |
| | Above 10m | Sqm | 26869.5 | 26755.5 | 26780.3 | 26755.5 | |

**निर्णय नं. ३**

तानसेन नगरपालिका वडा नं. ५, बनदवी क्षेत्रमा बसपार्क निर्माणको लागि तयार गरिएको बिस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) तथा रु.२४,६५,८३,२३८।१० (अक्षरुपी चौविस करोड पैसट्ठी लाख तिरासी हजार दुईसय अड्तीस र पैसा दश मात्र) को लागत अनुमान स्वीकृत गरी कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै डिभिजनल बन कार्यालयसँग जग्गा प्राप्तिको लागि भएको सम्झौता वमोजिम आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

नगर प्रमुख

**निर्णय नं. ४**

विश्व बैंकको सहयोगमा नेपाल सरकार मार्फत यस नगरपालिकामा सञ्चालन गरिएको शहरी शासकीय पूर्वाधार आयोजना मार्फत निम्नानुसारका बहुबर्षिय आयोजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न :**

| सिनं· | आयोजनाको नाम |
|---|---|
| १ | माथिल्लोडुम्रे-सुनडाँडा-गुफाचौर-बडरबोट-सेतीपोखरी-लक्ष्मी मावि-वतासेडाडा(डवली) खरिपानी-गोर्खेकोट देउराली-धुवघाट-राइडाँडा-रिस्याब सेन्टर-टेकरी-स्वामीडाँडा-सम्मोचौपारी-हात्तीगौडा-पक्लुवा-ठाटी चण्डीस्थान-वाघखोर-देवीस्थान मन्दिर-प्रभास - रक्साहा- नयागाउँ हुदै वर्तुङ्ग । |

**निर्णय नं.५**

तानसेन नगरपालिकाबाट अगाडि बढाइ कार्यान्वयन गरिएका आयोजनाहरु विविध कारणवश हालसम्म सम्पन्न हुन नसकेकोमा निम्नानुसार आयोजनाहरुको लागि आ. व ०७९।८० भित्र कार्यसम्पन्न गर्नेगरी म्याद थप गर्ने र उल्लेखित योजनाहरुको लागि निम्न शिर्षकवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

शिर्षकहरु

**क.** समपुरक कोष मार्फत संचालन हुने कायक्रम (अनसूची ५) अन्तर्गत जनसहभागितामुलक (६०।४०)मा विनियोजित रु २ करोडवाट रु. १ करोड १५ लाख ।

**ख.** हेफर प्रोजेक्ट नेपाल (Phase III) मा विनियोजित रु. १ करोड ५० लाख वाट रु. ४८,८८,३०८।४७ मात्र ।

**निम्न :**

| क्र. सं. | योजनाको नाम | निर्माण कम्पनी | सम्झौता मिति | सम्पन्न गर्नूपर्ने मिति | म्यादथप पछिको सम्पन्न गर्नुपर्ने मिति | रकम रु. | श्रोत | Milestone |
|---|---|---|---|---|---|---|---|---|
| १ | शित्तलपाटी, जनता स्कूल गेट,बसन्तपुर, देउराली, बतासे सडक मर्मत, तानसेन, ३ र ५ | रेड अर्थ कन्स्ट्रक्सन, काठमाडौ | २०७८।१२।२० | २०७९।०३।१५ | २०७९ माघ मसान्त | ८०१४१६।६१ | उल्लेखित श्रोत(क) वमोजिम | २०७९ पौष मसान्त सम्म बाँकी कामको ७५ प्रतिशत भौतिक कार्यप्रगति हासिल गर्नुपर्ने छ र थप गरीएको मिति सम्म सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने छ । |
| २ | नारायणस्थान ठूलोपोखरी देखि टुडीखेल निस्कने ढल तथा सडक, तानसेन, १ र ६ | कृष्ण गोपाल निर्माण सेवा प्रा.लि. हेटौडा | २०७८।१२।२० | २०७९।०३।१५ | २०७९ माघ मसान्त | ३७३४५३३।०८ | उल्लेखित श्रोत(क) वमोजिम | |
| ३ | चण्डी भञ्ज्याङ्ग राजुवास सडक मर्मत, तानसेन ११ | घिमिरे कन्स्ट्रक्सन, पाल्पा | २०७८।१२।२० | २०७९।०३।१५ | २०७९ माघ मसान्त | १४१६३२१।३५ | उल्लेखित श्रोत(क) वमोजिम | |
| ४ | शारदा मा.वि. देखि डिल ब. मार्ग सडक मर्मत | रेड अर्थ कन्स्ट्रक्सन, काठमाडौ | २०७८।१२।२० | २०७९।०३।१५ | २०८० बैशाख मसान्त | ५२१६६३०।९९ | उल्लेखित श्रोत(क) वमोजिम | २०८० चैत मसान्त सम्म बाँकी कामको ७५ प्रतिशत भौतिक |

नगर प्रमुख

नीलम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | टक्सार,बनदेवी,बतासे देखि ढक्काखानी सडक स्तरउन्नती | श्री महादेव खिम्ति/श्रेष्ठ/अन्जना जे.भि.,तम्धास गुल्मी | २०७७०२२१ | २०७९।०३।१० | २०८० वैशाख मसान्त | ४८८८३०८।४७ | उल्लेखित श्रोत(ख) वमोजिम | कार्यप्रगति हासिल गर्नुपर्ने छ र थप गरिएको मिति सम्म सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने छ |
| ६ | सडक स्तरोन्नती कार्य, ता.न.पा. वाड नं. १२ र १३, पाल्पा | शाइन कन्स्ट्रक्सन, गुल्मी | २०७८।०३।३० | २०७९।०३।१५ | २०८० वैशाख मसान्त | विनियोजन भैसकेको | | |
| जम्मा रकम रु. | | | | | | १,६०,५७,२१०।५० | | |

**निर्णय नं.६**

साविकमा निर्माण भएका भवन तथा संरचना र नियमानुसार नक्शा पास हुन नसकेका, नक्शा पास गराई निर्माण भएता पनि स्वीकृत नक्शा भन्दा फरक तरिकाले संरचना थप गरेको तर भवन निर्माण सम्वन्धी न्युनतम मापदण्ड पुरा गरेका भवन तथा संरचनाहरुलाई एक पटकको लागि मात्र नक्शापास तथा अभिलेखिकरण गर्ने प्रयोजनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ (क) वमोजिम ३५ दिने सूचना दिई आवेदन लिने र सो अवधी भित्र आवेदन पेश गर्नेहरुको हकमा सोही ऐनको दफा ४२ (घ) वमोजिम तेव्वर दस्तुर लिई नियमित गर्ने निर्णय गरियो । साथै यस सुविधा वमोजिम आवेदन नगर्नेहरुको हकमा प्रचलित कानून वमोजिम कार्वाही गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

तानसेन नगरपालिका क्षेत्रको फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साइट सञ्चालन तथा व्यवस्थापनको लागि सर्वदलीय, सर्वपक्षीय र सरोकारवालाहरुसंग बैठक बसी आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८**

तानसेन नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थानमा अव्यवस्थित रुपमा निर्माण गरी व्यापार व्यवसाय र अन्य प्रयोजनमा प्रयोग भएका घर टहरा लगायतका संरचनाहरुबाट सम्बन्धित प्रयोग कर्ताले पछि जग्गा तथा संरचनाको स्वामित्व र हक दावी गर्न नपाउने गरी हाललाई उक्त संरचनाहरुवाट वहाल विटौरी कर अशुल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन दरबार परिसरको ऐतिहासिक मुलढोकाको गरिमा र महिमा वढाउनको लागि वरपरको संरचना हटाउन तथा मर्मत सम्भार गर्न र रानीमहल दरबारको दक्षिण पश्चिम भागमा रहेको वाल निर्माण गर्ने योजनाको लागि आवश्यक बजेट व्यवस्था गर्न पुरातत्व विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

श्रीनगर क्षेत्रमा खानेपानी व्यवस्थापनको लागि श्रीनगर उध्यान संरक्षण तथा सम्वर्धन शिर्षकबाट रु. ७,००,०००। (सात लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

ता.न.पा. वडा नं. १ स्थित युनाइटेड मिसन अस्पताल तानसेन पाल्पा क्षेत्र वरपरको फोहोर पानी व्यवस्थापन गर्नको लागि रोटरी क्लव तानसेन पाल्पासँगको लागत सहभागिता स्वरुपको साझेदारी

नगर प्रमुख

नीलम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

गर्नुपर्ने रकम रु. १०००००।- (अक्षेरुपी एक लाख मात्र) मागमा आधारित शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ९ निवासी मीन बहादुर नेपालीको मृगौला, मुटु तथा मेरुदण्ड सम्बन्धी रोगबाट ग्रसीत भएको साथै निजको आमा र बाबु समेत सोही प्रकारका रोगहरुबाट ग्रसीत भई उपचार गर्न नसक्ने अवस्थामा रहेकोले उपचारको लागि ता.न.पा. नगर विकास योजनाको नगर विकास योजनाको हीतकारी कोषबाट रु. १५०००।- (अक्षेरुपी पन्ध्र हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३**

तानसेन नगरपालिका वडा नं. ११ निवासी आशा कार्कीले भारतमा हुन लागेको मीस मल्टिनेशनलमा नेपालको प्रतिनिधित्व गर्न लागेको तथा उक्त कार्यक्रममा पाल्पाको पर्यटन विकासमा समेत टेवा पुग्ने गरी भिडियो तयार गरी प्रस्तुत गर्ने भएकोले निजलाई नगर विकास योजनाको कला संस्कृति शिर्षकबाट रु. १००००।- (अक्षेरुपी दश हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगरपालिकाबाट लक्ष्मी मोटो केयर प्रा.लि.को मिति २०७९।३।१४ मा भुक्तानीको लागि रु.१०७९७१।- (अक्षेरुपी एक लाख सात हजार नौ सय एकहत्तर मात्र) चेक जारी गरिएकोमा उक्त चेक सटही हुन बाँकी भई संचित कोषमा सर्न आएकोमा उक्त रकम भुक्तानीको लागि अनुरोध भई आएकोले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१५**

तानसेन नगरपालिकाको भगवती मन्दीर उत्तर गेट-शीत्तलपाटी क्षेत्र-मखनटोल(तेर्सो सडक)-हुलाक हुँदै NIC ASIC Bank सम्म फ्ल्याग स्टोन विच्छाउने कार्य सम्झौता बमोजिम ७५ मी.मी. बाक्लो हुनु पर्नेमा सो हुन नसकी हालसम्म भुक्तानी हुन नसकेकोमा हाल मध्यस्थकर्ता मार्फत भएको कामको लागि लाग्ने रकम तानसेन नगरपालिकाको चालु आ.व.को नगर विकास योजनाको सेवा परामर्श शिर्षकबाट रु. ३१४२५६ (अक्षेरुपी तीन लाख चौध हजार दुई सय छपन्न मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

तानसेन नगरपालिका भित्र पर्ने जग्गा बर्गीकरणको सम्बन्धमा छलफल भयो र यस सम्बन्धमा आवश्यक तयारी गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१७**

२०७९/०५/३१ गते बसेको तानसेन नगरपालिका स्तरीय सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठकको निर्णयबाट अनुरोध गरिए बमोजिम हाल सामुदायिक विद्यालयहरुमा प्रयोग भैरहेका पाठ्यपुस्तक, विद्यालयमा दिइने विदा तथा संचालन हुने परीक्षाहरुमा विविधता देखिएकाले सो सम्बन्धमा एकरुपता कायम गर्ने उद्देश्यले आवश्यक अध्ययन गरी राय सहित प्रतिवेदन पेश गर्न दुई

नगर प्रमुख

नगर प्रमुख

महिनाको समयावधि दिई निम्नानुसारको प्रधानाध्यापकहरु रहने गरी निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**निम्न:**

(१) प्र.अ. श्री मोहनप्रसाद सापकोटा, दमकडा नमुना मा.वि. - संयोजक

(२) प्र.अ. श्री कृष्ण बहादुर थापा, देववाणी साधारण तथा संस्कृत मा.वि.- सदस्य

(३) प्र.अ. श्री कपिल क्षेत्री कुँवर, जनता मा.वि.- सदस्य

(४) प्र.अ. श्री शंकरप्रसाद पौडेल, सरस्वती मा.वि.- सदस्य

(५) प्र.अ. श्री विष्णु सिग्देल, लक्ष्मी मा.वि.- सदस्य

**निर्णय नं.१८**

आ.व. २०७९/०८० को लागि ससर्त अनुदानतर्फ प्राप्त शिक्षण सहयोग अनुदान दरबन्दी नभएका तथा न्यून दरबन्दी भएका तपसीलका विद्यालयहरुलाई उपलब्ध गराई नियमानुसार शिक्षक व्यवस्थापन गर्न विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

(क) ससर्त अनुदानतर्फ :

(१) माध्यमिक तह:

- श्री भूसलडाँडा माध्यमिक विद्यालय ता.न.पा.०१ - विज्ञान
- श्री जनप्रिय माध्यमिक विद्यालय ता.न.पा ०६- विज्ञान

(२) निम्नमाध्यमिक तह :

- अमरभगवती आधारभूत विद्यालय, ता.न.पा. १४- गणित
- सरस्वती माध्यमिक विद्यालय ता.न.पा. ०७- अंग्रेजी
- श्री गार्गी माध्यमिक विद्यालय ता.न.पा ११- अंग्रेजी

(ख) निसर्त अनुदानतर्फ:

(१) माध्यमिक तह :

- श्री जनप्रिय मा.वि. ता.न.पा.०६- कम्प्युटर विज्ञान
- श्री गार्गी मा.वि. ता.न.पा. ११ - लेखा

**निर्णय नं.१९**

आ.व. २०७९/०८० को लागि सशर्त अनुदानतर्फ शैक्षिक गुणस्तर सुधार कार्यक्रम शीर्षकमा प्राप्त माध्यमिक विद्यालय पुस्तकालय तथा विज्ञान प्रयोगशाला कार्यक्रम निम्न विद्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

(क) माध्यमिक विद्यालय पुस्तकालय

- श्री पद्म पब्लिक माध्यमिक विद्यालय- ता.न.पा. ०३
- श्री शारदा माध्यमिक विद्यालय- ता.न.पा. १३
- श्री भगवती आधारभूत विद्यालय- ता.न.पा.०८
- श्री बालकन्या भगवती आधारभूत विद्यालय- ता.न.पा.१०

(ख) माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

- महेन्द्रबोधि माध्यमिक विद्यालय- ता.न.पा. ०२
- लक्ष्मी माध्यमिक विद्यालय- ता.न.पा ०५
- सेन माध्यमिक विद्यालय- ता.न.पा. ०६

**निर्णय नं.२०**

पोखरामा संचालन हुने नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताको पूर्व सन्ध्यामा तानसेन, रामपुर नगरपालिका भित्रका खेलाडी छनौटका लागि भलिवल खेल संचालन गरी सम्पन्न भएकाले नगरपालिका स्तरीय भलिबल प्रतियोगिताको लागि भएको खर्च रकम रु.५०,०००। (अक्षरुपी पचास हजार मात्र) नगर विकास योजनाको स्वास्थ्यको लागि खेलकुद शिर्षकबाट निकाशा दिने निर्णय गरियो ।

**निर्णय नं.२१**

तानसेन नगरपालिकाको अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७७ पहिलो संशोधन गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

तानसेन नगर कार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत अमिन श्री शिव पराजुलीको करार म्याद २०७९ आश्विन मसान्तसम्म रहेकोमा पुन: २०७९ पौस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत